आर्थिक बर्ष : २०८०/८१
बैठक संख्या :१५

आज मिति २०८१/०२/०६ गतेका दिन विरुवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति:**

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

**अन्य उपस्थिति**

श्री पिताम्बर पोखेल प्रशासकीय अधिकृत
श्री दिपक ढुंगाना प्रशासन सहायक
श्री शंकर चापागाई आर्थिक प्रशासन शाखा प्रमुख
श्री लोकनाथ पौडेल कार्यालय सहयोगी

CamScanner

(मिति २०८१/०२/०६)

**<u>प्रस्ताव नं</u>** १ .आ.व.२०८०/८१ का वार्षिक योजना तथा कार्यक्रम फरफारक सम्बन्धमा।

**निर्णय नं. १.**

विरुवा गाउँपालिकाको आ.व. २०८०/८१ को वार्षिक बजेटमा समावेश भई उपभोक्ता समितिमार्फत कार्यान्वयनमा रहेका योजना तथा कार्यक्रमहरुको फरफारकका लागि २०८१ जेठ २५ गतेभित्र गाउँपालिका कार्यालयमा आवश्यक कागजातसहित निवेदन पेश गर्ने गराउने निर्णय सर्वसम्मतिले गरियो।

**<u>प्रस्ताव नं</u>** २ .आ.व. २०८१/८२ का लागि विरुवा गाउँपालिका भित्र पर्ने जग्गाको न्युनतम मूल्याङ्कन सम्बन्धमा राजश्व परामर्श समितिको सिफारिस सम्बन्धमा।

**निर्णय नं. २.**

विरुवा गाउँपालिका राजश्व परामर्श समितिको बैठकबाट विरुवा गाउँपालिका क्षेत्रभित्र पर्ने जग्गाको न्युनतम मूल्याङ्कन सम्बन्धमा सम्बन्धित मालपोत कार्यालयबाट निर्धारित मूल्याङ्कनलाई नै न्युनतम मूल्याङ्कनको रुपमा कार्यम गर्नका लागि सिफारिस भईआएकोले सोही अनुसार गर्ने गराउने निर्णय सर्वसम्मतिले गरियो।

**<u>प्रस्ताव नं.</u>** ३. गाउँपालिका अध्यक्षज्यूको बैदेशिक भ्रमण सम्वन्धमा।

**निर्णय नं. ३.**

गाउँपालिका राष्ट्रिय महासंघ नेपालको समन्वयमा मिति २०२४, मे २७-३१ सम्म मित्र राष्ट्र चीनको हान्जाउ शहरमा हुन गईरहेको 4TH BRLC Cross-Border अन्तराष्ट्रिय कार्यशाला गोष्ठिमा सहभागिताका लागि हुने विरुवा गाउँपालिका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्युको बैदेशिक भ्रमण स्वीकृत गर्ने र थप अनुमतिको लागी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिले गरियो।

**<u>प्रस्ताव नं.</u>** ४. गाउँपालिका अध्यक्षज्यूको बैदेशिक भ्रमणको खर्च सम्बन्धमा।

**निर्णय नं. ४.**

गाउँपालिका राष्ट्रिय महासंघ नेपालको समन्वयमा मिति २०२४, मे २७-३१ सम्म मित्र राष्ट्र चीनको हान्जाउ शहरमा हुन गईरहेको 4TH BRLC Cross-Border अन्तराष्ट्रिय कार्यशाला गोष्ठिमा सहभागिताका लागि हुने विरुवा गाउँपालिका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्युको बैदेशिक भ्रमणका क्रममा गाउँपालिकाको तर्फबाट खर्च बेहोर्नुपर्ने भनी उल्लेख भएको खर्च रकमको नियमानुसार भुक्तानी दिने निर्णय सर्वसम्मतिले गरियो।

CamScanner

**प्रस्ताव नं.** ५. विरुवा गाउँपालिकाको क्षमता विकास योजना, २०८१ माथी छलफल तथा स्वीकृती सम्बन्धमा।

**निर्णय नं. ५.**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखराको आर्थिक सहयोगमा निर्माण भईरहेको विरुवा गाउँपालिकाको क्षमता विकास योजना, २०८१ माथी छलफल गरी सर्वसहमतीले स्वीकृत गरियो।

**प्रस्ताव नं.** ६. गाउँ शिक्षा समितिको सिफारिस सम्बन्धमा।

**निर्णय नं. ६.**

विरुवा गाउँपालिका गाउँ शिक्षा समितिको विभिन्न मितिमा बसेका बैठकबाट गाउँकार्यपालिका समक्ष सिफारिस भएका विषयमाथी छलफल गरी तपसिल बमोजिम गर्ने गराउने निर्णय सर्वसम्मतिले गरियो।

तपसिल :

क. चालु आ.व. को संघीय ससर्त अनुदान अन्तर्गतको विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका तपसिल विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वापतको उल्लेखित रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिल :

| क्र.सं. | विद्यालयको नाम | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|
| १ | भुरुङ्चौकी मा.वि., विरुवा-८ | ३,००,०००/- | |
| २ | जीवनज्योती मा.वि., विरुवा-७ | २,००,०००/- | |

ख. विरुवा गाउँपालिका गाउँ शिक्षा समितिद्वारा गा.पा. अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुको मिति २०८१/०१/१६ गते देखि गरिएको विद्यालय अनुगमनबाट आएको समिक्षात्मक निर्णय अनुसार विद्यार्थी संख्या न्युन भएका तपसिलका विद्यालयहरुलाई तपसिल बमोजिम सञ्चालन गर्न/गराउनको लागि सिफारिस भईआएको हुँदा सो को लागि स्वीकृती प्रदान गर्ने निर्णय गरियो

तपसिल :

| क्र.सं. | विद्यालयको नाम | सिफारिस भई आएको विवरण | कैफियत |
|---|---|---|---|
| १ | लोकप्रिय आ.वि., विरुवा-६ | कक्षा १-५ संचालन भईरहेकोमा चालु शैक्षिक सत्रबाट घटाएर १-३ कायम गर्ने | |
| २ | महेन्द्र आ.वि., विरुवा-६ | आगामी शैक्षिक सत्रमा कक्षा १-५ घटाएर १-३ कायम गर्नका लागि सुझाव दिने | |

CS CamScanner

| | | | |
|---|---|---|---|
| ३ | लाँकुरीडाँडा आ.वि., विरुवा-२ | कक्षा १-३ संचालन रहेकोमा २ र ३ घटाएर वालविकास र कक्षा १ मात्र कायम गर्ने साथै उक्त विद्यालयमा प्रा.वि. तृतिय राहत कोठामा कार्यरत शिक्षिका गिता पौडेल तिमिल्सिनालाई जामुनेडाँडा मा.वि. मा कामकाजमा खटाउने | |
| ४ | श्यामपोखरी आ.वि., विरुवा-२ | कक्षा १-५ संचालन भईरहेकोमा चालु शैक्षिक सत्रबाट घटाएर १-३ कायम गर्ने | |
| ५ | धोवादीभन्ज्याङ्ग आ.वि., विरुवा-३ | आगामी शैक्षिक सत्रमा श्यामपोखरी आ.वि., विरुवा-२ मा समायोजनका लागि तयार रहन सुझाव दिने | |
| ६ | नवज्योती आ.वि., विरुवा-४ | आगामी शैक्षिक सत्रमा समायोजनका लागि तयार रहन सुझाव दिने | |
| ७ | खुदी आ.वि., विरुवा-४ | आगामी शैक्षिक सत्रमा विद्यार्थी संख्याको आधारमा तह वा कक्षा घटाउने | |
| ८ | देववाणी आ.वि., विरुवा-५ | | |
| ९ | सिद्धमण्डली आ.वि., विरुवा-३ | | |
| १० | जनजागृती आ.वि., विरुवा-६ | | |
| ११ | जनजागृती आ.वि., विरुवा-७ | | |
| १२ | चैतन्य भवानी आ.वि., विरुवा-८ | आगामी शैक्षिक सत्रमा समायोजनमा जानका लागि सुझाव दिने | |
| १३ | मनकामना आ.वि., विरुवा-८ | | |

ग. मिति २०८१/०१/१६ गते देखि विरुवा गाउँपालिका, गाउँ शिक्षा समितिद्वारा गरिएको विद्यालय अनुगमन कार्यमा खटिनु भएका गाउँ शिक्षा समितिका पदाधिकारीहरुलाई संघिय सशर्त अनुदान तर्फ पालिका स्तरीय योजना तथा कार्यक्रमको सि.नं. ४३३ मा समावेश शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण खर्च शिर्षकबाट दैनिक रु १२०० का दरले प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

घ. आ. व. २०८०/८१ को बार्षिक योजना तथा कार्यक्रमको सि. नं. ४३६,४४९ र ४५० (संघीय शर्सत अनदान) मा कोभिड- १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरता कार्यक्रम शिर्षकमा जम्मा रु. ४,००,०००।—(चार लाख मात्र) बजेट विनियोजन भएकोमा उक्त रकमबाट पालिकाले अभिमुखिकरण कार्यक्रम, अनुगमन र इमिसमा इन्ट्रि लगायतका कार्यमा रु. ८८,०००।— (अठासी हजार) खर्च गर्ने र बाँकी रहेको रु. ३,१२,०००।— (तीन लाख बाह्र हजार) बाट कार्यक्रम कार्यान्वयन पुस्तिका (शिक्षा) २०८०/८१ को २.८.१४ क्रियाकलाप २.७.१३.४९ कोभिड कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरता कार्यक्रम तथा २.७.१३.४९ ३०१. ReAL Plan कार्यान्वयन सहजिकरण तथा विपद सिकाई निरन्तरताका लागी कार्यक्रम बमोजिम एक तिहाई रकम कक्षा ३-५ का विद्यार्थी संख्याको आधारमा र बाँकी रकम कक्षा ६-८ का विद्यार्थी संख्याको आधारमा विद्यालयहरुलाई निकासा प्रदान गर्न सर्वसम्मतिले निर्णय गरियो।

<u>प्रस्ताव नं .७</u> खानेपानी मूल दर्ताका लागि स्वीकृती प्रदान गर्ने सम्बन्धमा।

<u>निर्णय नं. ७</u>

विरुवा गाउँपालिका कार्यालयमा खानेपानी मूल दर्ताका लागि रीतपूर्वक निबेदन पेश भई विरुवा गाउँपालिकाको खानेपानी मूल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७ बमोजिम प्रक्रिया पुरा गरेका तपसिल खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि स्वीकृती प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

तपसिलः

- मगडी खानेपानी तथा सरसफाई उपभोक्ता समिति, विरुवा २, मगडी खानेपानी मूल

<u>प्रस्ताव नं.</u> ८. वडा नं.१ को वडा कार्यालय निर्माणका लागि जग्गा व्यवस्थापन सम्बन्धमा।

**निर्णय नं. ८.**

विरुवा गाउँपालिका १ नं. वडा कार्यालय भवन निर्माणका लागि जग्गा व्यवस्थापनको प्रक्रिया अगाडी बढाउने निर्णय सर्वसम्मतिले गरियो।

<u>प्रस्ताव नं ९</u> भन्ज्याङ्ग बाहुँ विरुवा सडकको Variation Order सम्बन्धमा।

<u>निर्णय नं. ९</u>

विरुवा गाउँपालिकाको रणनीतिक सडकको रुपमा रहेको भन्ज्याङ्ग बाहुँ विरुवा सडकको स्तरोन्नतीका लागि श्री सूर्य संकल्प ईन्जिनियरिङ एण्ड कन्सट्रक्सन प्रा.ली., टोखा-१०, काठमाडौं संग मिति २०८०/०८/२७ मा रु २०,७३,८३६.४/- (vat & PS समेत) रकममा निर्माण सम्झौता (ठेक्का नं. NCB/BRM/WORKS/001/2080-81) भई निर्माण कार्य भईरहेकोमा सडक निर्माणका क्रममा

CamScanner

केही स्थानमा लागत ईस्टिमेटमा अनुमान गरेभन्दा धेरै मात्रामा कडा चट्टान रहन गएकोले आवश्यकता अनुरुप भएको थप कामको सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतद्धारा नयाँ सम्झौता रकम रु २२,५२,८४६.९८/- (vat & PS समेत) रहने गरी कार्यपालिकामा पेश गर्नुभएको Variation Order सम्बन्धी प्रतिवेदन स्वीकृत गरी उक्त प्रतिवेदन कार्यालयमा सुरक्षित राख्ने निर्णय गरियो

**प्रस्ताव नं. १०.** अपाङ्ग अशक्त कार्यक्रम सम्बन्धमा।
निर्णय नं. १०.

विरुवा गाउँपालिकाको आ.व. २०८०/८१ को बार्षिक बजेटमा समावेश अपाङ्ग सम्बन्धि कार्यक्रम (रु ३ लाख) बाट विरुवा गाउँपालिका क्षेत्रभित्र रहेका अपाङ्ग (पहेलो र सेतो परिचयपत्र प्राप्त) व्यक्तिहरुको स्वास्थ्य विमा गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ११.** विविध ।

निर्णय नं. ११.

क) विरुवा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा रिक्त बर्थिङ सेन्टर अ.न.मी. (वि.नं. ०५-२०८०/८१) पदपूर्तीका लागि मिति २०८०/१२/१६ मा भएको विज्ञापन अनुसारको परीक्षा कार्यक्रममा कुनै पनि परीक्षार्थी सहभागि नभएको तथा अ.न.मी. (वि.नं. ०४-२०८०/८१) पदपूर्तीका लागि भएको परीक्षाको नतिजामा एक जना उम्मेदवार सिफारिस भई थप एक जना बैकल्पिक उम्मेदवारको रुपमा रहेकाले साथै हाल रिक्त बर्थिङ सेन्टर अ.न.मी. को पुनः विज्ञापन तथा परीक्षा संचालन खर्चिलो हुने भएकाले उक्त उम्मेदवारलाई रिक्त रहेको बर्थिङ सेन्टर अ.न.मी. मा नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

ख) विरुवा गाउँपालिका कार्यालयमा ईन्जिनियर पदमा कार्यरत प्रमिला पौडेलले मिति २०८१/०१/१६ गतेदेखी २०८१ श्रावण मसान्त सम्मका लागि माग गरेबमोजिम कार्यालयबाट स्वीकृत भएको वेतलवी प्रसुती विदा अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

ग) विरुवा गाउँपालिकामा विभिन्न मितिहरुमा तपसिल व्यक्ति तथा संस्थाहरुबाट आर्थिक सहयोग/प्रस्ताव पेश हुन आएकोले देहाय अनुसारको बजेट शीर्षकबाट उल्लेखित रकम सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम/विवरण | बजेट शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | स्याङ्जा जिल्ला क्रिकेट संघ | कार्यक्रम खर्च (५४) | २०,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| २. | रेवती सुनार (विरुवा गा.पा.-३) | अन्य सामाजिक सहायता (१००) | १५,०००।- | |
| ३. | याम बहादुर कामी (विरुवा गा.पा.-३) | अन्य सामाजिक सहायता (१००) | १५,०००।- | |

घ) विरुवा गाउँपालिका क्षेत्र भित्रका विभिन्न कारणहरुबाट अवरुद्ध तपसिल सडकहरु आकस्मिक रुपमा खुलाउन मेसिन चलाउने क्रममा खर्च भएको निम्नानुसारको रकम प्राविधिक मूल्याङ्कनका आधारमा विभिन्न सडक मर्मत तथा सरसफाई खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

तपसिल:

भयरथान सेरा सालडाँडा सडक खण्ड – रु २३,४५२/-
खुदी देखी देउराली सडक खण्ड – रु १५,८६५/-

ङ) राष्ट्रिय बाल अधिकार परिषद पुलचोक, ललितपूर तथा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा सँग बाल श्रम मुक्त विरुवा गाउँपालिका घोषणा कार्यक्रम संचालन गर्नको लागि आवश्यक ब्‌जेट माग गर्ने निर्णय गरियो ।

CamScanner